## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
## पाँचथर, नेपाल

## जिल्ला बर्डफ्लु रोग नियन्त्रण समितिद्वारा जारी गरिएको सूचना

जिल्ला बर्डफ्लु रोग नियन्त्रण समिति, पाँचथरको २०८३ बैशाख ३१ गते बिहीवारको निर्णय अनुसार पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामाग्रीहरुको ओसारपसारमा लगाइएको प्रतिबन्धलाई पशु सेवा विभाग, हरिहरभवन ललितपुरको मिति २०८३/०१/२९ गतेको निर्णय तथा च.नं.२४० मिति २०८३/०१/३० गतेको पत्रानुसार भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र जारी भई पशु ढुवानीको मापदण्डलाई अनिवार्य पालना गर्नेगरी पन्छी तथा पन्छीजन्य पदार्थको ओसारपसार गर्ने गराउने व्यवस्था कार्यान्वयनको लागि आवश्यक सहजिकरण गर्ने/गराउने गरी यो सूचना प्रकाशन गरिएको छ।

**१.बर्डफ्लु रोगलाई पूर्णरुपमा नियन्त्रणमा राख्न निम्नानुसारका बिषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन आमजनसमूदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौः**

- संक्रमित क्षेत्रबाट पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार नगर्नु/नगराउनु हुन साथै अन्य क्षेत्रबाट समेत ओसारपसार गर्दा अनिवार्य रुपमा दर्तावाल पशु चिकित्सकबाट जारी गरिएको भेटेरिनरी प्रमाणपत्र लिई, पशु ढुवानी मापदण्ड, २०६४ परिच्छेद-४ (बुँदा१२) पूर्णरुपमा जैविक सुरक्षा विधि अपनाएर उत्पादनस्थल, पठाउने/पाउनेको नाम, ठेगाना, जात, संख्या, ढुवानी गरिने गाडीको विवरण र गन्तव्य सहितको विवरण सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरलाई अग्रिम जानकारी गराएर मात्र ढुवानी गर्नु/गराउनु पर्नेछ।
- कुखुरा व्यवसायी/सप्लायर्स/अण्डा व्यवसायीहरुले पन्छी फार्महरुमा अनावश्यक व्यक्ति र सवारी साधनहरु प्रवेश नहुने गरी जैविक सुरक्षाको उचित प्रवन्ध गर्नु पर्नेछ। फार्म परिसरभित्र प्रवेश गराउनै पर्ने भएमा निःसंक्रमण गरेर मात्र प्रवेश गराउनु पर्नेछ ।
- एक फर्ममा काम गरेको व्यक्ति/व्यवसायी अर्को फार्ममा सकेसम्म नजाने वा जानै पर्ने भएमा जैविक सुरक्षाको विधिहरु अवलम्बन गर्नु पर्नेछ।
- एकपटक प्रयोग भै सकेको अण्डा राख्ने कागजको क्रेट पूनःप्रयोग नगर्ने ।
- फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गर्नु हुन र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गर्नु पर्नेछ ।
- खोरभित्र प्रवेश गर्दा छुट्टाछुट्टै गमबुट र एप्रोनको प्रयोग गर्नु पर्नेछ।
- खोर भित्र र बाहिर दैनिक रुपमा निःसंक्रमण गर्नु पर्नेछ ।
- फार्म परिसरभत्रि कुकुर, बिरालो, मुसा लगायत अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु पर्नेछ।
- मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले खाडलमा गाड्नु पर्नेछ ।
- पन्छी फर्ममा काम गर्ने व्यक्ति/व्यवसायीहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्ने, नियमित हातखुट्टा धुने र स्वास्थ्य सम्बन्धि कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्नेछ ।

**२.अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा तुरुन्त नजिकैको स्थानीय तहमा रहेको पशुपन्छी सेवा शाखा वा जिल्लामा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरमा तत्काल जानकारी गराउनु पर्नेछ।**

थप जानकारीको लागि ९८५२६८४१२७/९८५२६६०१२७ वा ०२४-५२२१२७ मा सम्पर्क गर्नु हुन ।

राम नारायण साह